" समृद्ध बगनासकाली गाउँको सार: समग्र विकासको दिगो आधार"

# बगनासकाली गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## १८ औं गाउँसभामा प्रस्तुत

# विषयगत समितिहरुको प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२ को (श्रावण १ देखि आषाढ १० सम्म)

Email: baganaskali.rural@gmail.com,
Website: https://baganaskalimun.gov.np/

१० आषाढ, २०८२

# अनूसूची - १

## गाउँसभाको १८ औं अधिवेशन मिति २०८२।०३।१० गतेको निर्णय नं.२ सँग सम्बन्धीत

# आर्थिक विकास समितिको प्रतिवेदन-२०८२

**यस सभाका सभा अध्यक्ष ज्यू,**

अध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्य प्रगति विवरण प्रस्तुत गर्दछु ।

**समितिको कार्य क्षेत्र :**

- कृषि विकास,
- पशुपन्छी विकास
- सिंचाइ
- पर्यटन प्रर्वद्धन
- सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र
- उद्योग, व्यापार तथा व्यवसाय

**श्री सभा अध्यक्ष ज्यू**

**२०८२ जेष्ठ मसान्त सम्म भएको खर्च विवरण**

| क सं | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,९४,४४,००० | ९७,६८,४५१ | ५०.२४ |
| | जम्मा | १,९४,४४,००० | ९७,६८,४५१ | ५०.२४ |

**यो अवधिको  कार्य विवरण/मुख्य प्रगति**

**शाखागत कृषि कार्यक्रमहरु:**

- कृषक समूह दर्ता तथा नविकरणः ७१ वटा
- विभिन्न कृषि कार्यक्रम मार्फत यस गाउँपालिका भित्र करिब १२ हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूलको क्षेत्र बिस्तार गरिएको ।
- मकै प्रवर्द्धन कार्यक्रम अन्तर्गत मकै बालीको उन्नत बीउ उत्पादन गर्न ३३.२५ हेक्टरमा मकै मूल बीउ (जातः मनकामना ३) रोपण गरिएको ।
- रासायनिक मलको प्रयोगमा न्यूनीकरण साथै माटोको गुणस्तर सुधार गर्नलाई गाउँपालिका भित्र ३३.३२ मे.टन जैविक मल वितरण गरिएको ।
- बगनासकाली गाउँपालिका भित्र मौरी क्षेत्र विस्तार गर्नलाई ३ वटा मौरी पकेट क्षेत्र स्थापना गरिएको ।
- स्थानिय रैथाने बाली प्रवर्द्धन गर्नलाई १४ हेक्टरमा कोदो बाली रोपण गरिएको साथै १ वटा गहते बाली पकेट क्षेत्र स्थापना गरिएको ।
- कृषिलाई प्रविधिसँग जोड्न कृषि यान्त्रिकरण कार्यक्रम मार्फत १८ वटा मिनिटिलर र ३३ वटा कुटानी पिसानी मिल वितरण गरिएको ।
- किसान सूचिकरण कार्यक्रम अन्तर्गत सबै वडाहरुमा तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भएको ।
- यस गाउँपालिकाबाट आ.व. २०८१/०८२ मा संचालित विभिन्न कृषि विकास कार्यक्रमहरुबाट २३२ कृषक, १७ कृषक समूह, ९ कृषि सहकारी प्रत्यक्ष रुपमा लाभान्वित भएको ।

- गाउँपालिका भित्र विभिन्न कार्यक्रमबाट वितरण गरिएको बीउ आलु बाट १६१.५९ मे.टन आलु उत्पादन भएको ।
- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा विभिन्न तरकारी बालीहरुको मिनिकिट वितरण गरी करेसाबारी स्थापना गर्न कृषकहरुलाई प्रोत्साहन गरिएको ।

**श्री सभा अध्यक्ष ज्यू**

**पशु विकास सेवा**

- दुध ढुवानी प्रोत्सहान अनुदान प्रति लिटर ५ का दरले १,६६,९२१ लिटर दुधको ढुवानी सम्बन्धित कृषकको खातामा रकम दाखिला गरियो ।
- ३१ वटा पशुपंक्षी फार्म प्रवर्धन गरियो ।
- पशुपंक्षी औषधी खरिद गरि १२,२९० कृषकलाई पशुपंक्षी स्वास्थ्य सेवा उपलब्ध गराईयो ।
- ३,१४,३९६ पशुपंक्षीमा पशुपंक्षी स्वास्थ्य सेवा उपलब्ध गराईयो ।
- किसानको घरघरमा गई ३५,७९३ वटा पशुपंक्षीमा भ्याक्सिनेशन सेवा उपलब्ध गराईयो ।
- किसानको घरघरमा गई २१२ वटा गाई भैसिमा कृत्रिम गर्भाधान सेवा प्रदान गरियो ।
- कृषकको घरघरमा गई पशुपंक्षी स्वास्थ्य सेवा उपलब्ध गराइयो ।

**श्री सभा अध्यक्ष ज्यू**

**सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र**

- १० वटा सहकारीलाई लागत साझेदारीमा सहकारी प्रवर्द्धन सम्बन्धी अनुदान दिइएको
- सहकारी दिवस सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको ।
- सहकारीहरुलाई नियम संगत संचालन गर्न परिपत्र गरीएको ।
- सहकारीका व्यवस्थापक कर्मचारीहरुका लागि कोपोमिस तालिम संचालन गरीयो ।
- सहकारी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरीयो ।
- लागत साझेदारीमा सहकारी प्रवर्धन कार्यक्रम गर्नका लागि अनुदान उपलब्ध गराइएको ।

**श्री सभा अध्यक्ष ज्यू**

**उद्योग, व्यापार तथा व्यवसाय**

- ✓ लघु उद्यम विकास समितिको नियमित बैठक
- ✓ वार्षिक कार्यक्रम स्वीकृति
- ✓ लघु उद्यम विकास समितिको पुनर्गठन
- ✓ अनुगमन उपसमितिको पुनर्गठन
- ✓ सामाजिक परिचालन, उद्यमशीलता, बजारीकरण, वित्तीय साक्षरता र सीप विकास र स्तरोन्नति तालिम सम्पन्न गरिएको ।
- ✓ साझा सुविधा केन्द्र स्थापना गरिएको
- ✓ प्रविधि हस्तान्तरणको कार्यक्रम सम्पन्न हुने चरणमा रहेको

श्री सभा अध्यक्ष ज्यू

कार्यान्वयनमा रहेका समस्याहरु

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको सूचक सहितको अनुगमन मुल्याङ्कन न्युन भएको।
- ✓ गाउँपालिकाले कृषि तथा पशु सेवाको विकासका लागि आवश्यकता अनुसार बजेटको विनियोजन गर्न नसकीएको ।
- ✓ कतिपय अनुदान रकममा भएको दोहोरोपना हटाउन नसकीएको ।
- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमका लागि प्राथमिकतामा राखी सोचे अनुरुप बजेट विनियोजन गर्न नसकिएको ।

श्री सभा अध्यक्ष ज्यू

आगामी कार्यक्रमका लागि सल्लाह/सुझाव

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई कडाईका साथ गर्न अनुरोध गर्ने ।
- ✓ कृषि तथा पशु क्षेत्रको अनुदानमा हुन सक्ने दोहोरोपना र तेहरोपना हटाउनुपर्ने
- ✓ कृषकको उत्पादनमा आधारित अनुदान प्रणालीको विकास गर्नुपर्ने
- ✓ गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी आर्थिक विकासलाई तिव्रता दिनुपर्ने ।
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ मेडपा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ उत्पादन गरेका वस्तुले उचित बजार र बजार मूल्य नपाएको गुनासो आएको सन्दर्भमा आवश्यक पहल गर्नुपर्ने

श्री खुमादेवी भट्टराई
-संयोजक

## सामाजिक विकास समितिको प्रतिवेदन

सभाका अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

❖ **समितिको कार्य क्षेत्र:**

- ➢ आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी,
- ➢ खेलकुद तथा अतिरिक क्रियाकलाप सम्बन्धी,
- ➢ खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी,
- ➢ लैंगिक समानता तथा समाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक),
- ➢ गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,

- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी,
- भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धी,
- रोजगार सिर्जना सम्बन्धी ।

**❖ गत आ.व. २०८१/०८२ मा भए गरेका कार्यहरुको संक्षिप्त विवरण**

- शैक्षिक गुणस्तर सुदृढीकरण कार्यकम अन्तर्गत १ वटा आइ.सि.टि निर्माण कार्य सम्पन्न ।
- स्काउट बिस्तार विपत व्यवस्थापन तालिम एक दिने मित्रता क्याम्प र आधारभुत तह स्तरिय चित्रकला प्रतियोगिता सम्पन्न ।
- बिद्यालयका आवधिक तथा वार्षिक परीक्षाहरु सौहार्द वातावरणमा सम्पन्न भएका छन् ।
- बिद्यालय लेखा परिक्षण, सामाजिक परीक्षणका कार्यहरु भएका छन् । समयमा नगर्ने बिद्यालयहरुलाइ ताकेता गरि कार्यको निरुपण गर्ने गरिएको ।
- बिद्यालयहरुसँग नियमित शैक्षिक अन्तरकिया छलफल तथा अनुगमन ।
- दिवा खाजा, छात्रावृती लगायत नियमित रुपमा बिद्यालयका निकासाहरु भएका ।
- शिक्षक तलवी प्रतिवेदन कितावखानाबाट पारित गराएर मात्र निकासा गर्ने गरिएको ।
- कोभिड् तथा अन्य विपद्को अवस्थामा द्रुत सिकाइ योजना (ReAL PLAN ) अभिमुखिकरण तालिम तथा वेस लाइन इन्ड लाइन परीक्षा सम्पन्न गरि आवश्यक अन्तरकृया र त्यसको विवरण IEMIS मा इन्ट्री गरिएको ।
- इमिस तालिम सम्पन्न गरि बिद्यालयहरुलाई अध्यावधिक गराउने कार्य सम्पन्न
- गाउपालिका स्तरीय राष्ट्रपति रनिङ् शिल्डको खेलकुद कार्यकम सम्पन्न ।
- विद्यार्थी अपाङ्गता पहिचान कार्य सम्पन्न गरिएको छ । शंकास्पद देखिएका बालवालिकालाई हस्पिटल रिफर गर्ने काम भएको छ ।
- मा.वि./नि.मा.वि./प्रा.वि.हरुमा विद्यार्थीहरुलाई अलग अलग रुपमा अतिरिक्त कृयाकलाप गरिएको
- पाँच वर्ष गाउँ शिक्षा योजना निर्माण भएको ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको दुर्घटना बिमा गरिएको र यस बाट विद्यार्थीहरु तथा अभिभावकले सेवा लिएको ।
- स्काउट सञ्चालन भएका विद्यालयका विद्याथीलाई दिक्षित गर्ने कार्य शुरु गरिएको ।
- सामाजिक सुरक्षा भत्ता पहिलो, दोश्रो तेस्रो निकासा वितरण समन्वय वडा तहमा बैंकमार्फत भुक्तानी सहजीकरण चौथो त्रैमासिकको वडा १ र ६ को सवै किसिम र वडा २ को विधुवा आर्थिक सहायता बाहेक सवै लाभग्राहिको खातामा जम्मा । बाकिँको बजेट माग भएको ।
- ग र घ निर्वाह भत्ता वितरणको वार्षिक रकम निकासा भइ सम्बन्धित लाभग्राहीको खातामा जम्मा भएको ।
- पञ्जिकरण तर्फको नियमित अभिलेख व्यवस्थापन गुनासा संकलन र फयौट ।
- कन्सुलर प्रमाणित गर्ने कागजात अभिलेखिकरण र प्रमाणित व्यवस्थापन ।
- स्वास्थ्य शाखाको आ व २०८१/०८२ को पालिका स्तरिय तथा जिल्ला स्तरिय बिभिन्न कार्यक्रमहरुको अर्धबार्षिक तथा बार्षिक समिक्षा सम्पन्न भएको
- क्षयरोग कार्यक्रमको बार्षिक कोहर्ट बिश्लेषणात्कम समिक्षा तथा स्वास्थ्यकर्मीहरुलाई पुनर्ताजकि कार्यक्रम सम्पन्न गरिएको ।
- कोभिड-१९ बिरुद्धको खोप अभियान १ पटक सञ्चालन गरि ५१६ जनालाई फाईजर बुस्टर खोप सेवा दिईएको ।

- सवै स्वास्थ्य चौकीहरुबाट डेंगुरोग लगायत कीटजन्यरोगहरुको बारेमा वडास्तरमा अभिमुखिकरण,बिध्यालय स्वास्थ्य शिक्षा तथा लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान सञ्चालन भएको ।
- बगनासकाली गाउँपालिकाको ७४ जना दिर्घरोगीहरुलाई त्रैमासिक रुपमा १२ महिनाकै मासिक रु ५००० का दरले उपचार खर्च रकम बितरण गरिएको ।
- बगनासकाली गाउँपालिकाको ५ वटा बिद्यालयमा किशोरीहरुलाई रक्तपरिक्षण सम्पन्न गरी रक्तअल्पता भएका किशोरीहरुलाई उपचार गरिएको ।
- प्रदेश सरकारबाट तोकिए बमोजिम सवै स्वास्थ्य संस्थाहरुबाट ८० बर्ष माथिका नागरिक र अपाङ्ग क र ख भएका ५०८ जनालाई नागरिकहरुको घरदैलोमा स्वास्थ्य सेवा दिईएको ।
- सवै स्वास्थ्य चौकीहरुबाट सवै महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि र बालभिटा बितरण कार्यक्रम कार्तिक र बैशाखमा गरी दुई पटक नै सम्पन्न गरिएको
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका दिवस सम्मानका साथ सम्पन्न गरिएको तथा सवै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आफ्नै लोगो अंकित झोला बितरण गरिएको।
- बगनासकाली गाउँपालिकाको पहुँचबाट टाढा रहेका बस्तिहरुलाई लक्षित गरी परिवार नियोजनको सेटलाईट किल्निक सञ्चालन गरिएको ।
- सवै गर्भवतीहरुलाई क्याल्सियम बितरण ।
- सवै सुत्केरीहरुलाई पोषण खर्च रु १५०० बितरण गरिएको।
- सवै गर्भवतीहरुलाई फोलिक एसिड बितरण ।
- दिर्घरोगहरुमा मधुमेह रक्तचाप भएका बिरामीहरुलाई पालिकाबाट निःशुल्क औषधि बितरण गरिएको।
- बगनासकाली गा.पा.भित्रका १० वटा बिध्यालयहरुमा निःशुल्क आँखा शिविर सञ्चालन गरी ४४०३ जनालाई सेवा दिईएको ।
- जसमा,
- (क) बिध्यार्थीहरुमा २४३५ जनाको परिक्षण गरिएको ।
- (ख) १०६ जना बालबालिकाहरुलाई निःशुल्क पावरवला चश्मा बितरण गरिएको ।
- (ग) १९६८ जना अभिभावकहरुको आँखा परिक्षण गरिएको ।
- (घ) ७३ जनाको मोतिबिन्दु स्क्रैनिङ्ग भएकोमा ५० जनाको अप्रेशन कार्य गरिएको ।
- (ङ) ३९१ जना अभिभावकहरुलाई पावरवाला चश्मा निशुल्क बितरण गरिएको ।
- (च) १९६८ जनालाई औषधि निःशुल्क दिईएको ।
- (छ) ४२ जना मोतिबिन्दुको अप्रेशन निःशुल्क गरिएको ।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्वन्धी अभिमुखिकरण सवै स्वास्थ्य संस्थाहरुबाट सवै वडामा सञ्चालन भएको ।
- कक्षा ६ देखि १० सम्म र १० देखि १४ बर्ष सम्मका ४५५ जना बालिकाहरुलाई एच.पि.भि.खोप अभियानमा लगाई नियमित खोपको शुरुवात गरिएको ।

- पूर्ण संस्थागत सुत्केरी तथा पूर्णखोप सुनिश्चितताको घोषणा भब्य रुपमा सम्पन्न गरिएको ।
- बगनासकाली गाउँपालिका भरीका २८ जना एच.आई.भि.संक्रमितहरुलाई औषधि उपचारका लागि यातायत खर्च रकम प्रतिबद्ध सहयोग समुह पाल्पाको सहजिकरणमा बितरण गरिएको ।
- उमेरले ६० बर्ष पुरा गरि अवकाश भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पालिकाबाट रु २५००० नगद सहित ११ जनालाई सम्मानस्वरुप बिदाई गरिएको ।
- बगनासकाली गाउँपालिकामा स्थापना भएका नया स्वास्थ्य संस्थाहरुलाई आवश्यक फर्मेट छपाई गरि बितरण गरिएको ।
- बगनासकालीका सवै स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रम अन्तर्गत स्कोरीङ्ग गरी समस्याको पहिचान भई समाधानको कार्ययोजना अनुसार काम भई रहेको ।
- स्वास्थ्य सेवाहरुको डाटाभेरिफिकेशन तथा गुणस्तर सुधार गोष्ठी मासिक रुपमा नियमित गरिएको ।
- बगनासकाली गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुबाट डेंगु लगायत कीटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर्ने अभियान तथा बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- नसर्ने रोगको पालिका स्तरिय अभिमुखिकरण भई ४० बर्ष माथिका १००१ जना नागरिकहरुलाई नसर्ने रोगहरुमा मधुमेह,रक्तचाप र मृगौलाको परिक्षण गरी उच्च रक्तचाप ८१ जना,मधुमेह ६९ जना,मृगौलाको समस्या ९२ जना गरी २४२ जनालाई शंकास्पद खतरा देखी तत्कालै अस्पतालमा प्रेषण गरिएको ।
- प्रदेश सरकारबाट पाईलट प्रोग्रामको रुपमा Family Health Profile तयारीका लागि घरघरमा स्वास्थ्यकर्मी परिचालन गरी तोकिएको कार्य सम्पन्न गरिएको ।
- पोषण सप्ताह जेष्ठ १ देखी ७ सम्म तोकिए बमोजिमको काम सवै स्वास्थ्य संस्थाहरुबाट सम्पन्न गरिएको ।
- बगनासकाली गाउँपालिकाको ९ वटै वडामा भि.आई.ए.तथा एकिकृत प्रजन्न स्वास्थ्य शिविर सम्पन्न गरी ४५० जनालाई सेवा दिईएकोमा ११ जनाको भि.आई.ए.पोजेटिभ देखिएको,७ जनाको पाठेघर खसेका महिलाहरुको ब्यवस्थापन गरिएको परिवार नियोजनको लामो अवधिको काम गर्ने साधनको प्रयोग तथा प्रजन्न अंगमा लाग्ने बिभिन्न समस्याको आवश्यक औषधि तथा ब्यवस्थापन गरिएको ।
- प्रदेश सरकारबाट तोकिए बमोजिम कुपोषणको स्क्रेनिङ्ग कार्य सम्पन्न गरी कुपोषण छनौट भएका बालबालिकाहरुलाई ओ.टि.सि.बाट उपचार गरिएको ।
- बगनासकाली गाउँपालिकाको खानीगाउँ स्वास्थ्य चौकीमा स्वास्थ्य संस्था तथा सेवा प्रदायकलाई सुचिकृत गरी २४ से घण्टा सुरक्षित गर्भपतन सेवा सुचारु गरिएको ।
- चापपानी स्वास्थ्य चौकीबाट कुपोषित बालबालिकाहरुको उपचारका लागि ओ.टि.सि. सेवा सञ्चालन भएको ।

- स्वास्थ्य कार्यालय पाल्पाको सहयोगमा पाठेघरको मुखको क्यान्सर HPV DNA Test स्क्रेनिङ्ग शिविर चिर्तुङ्गधारा स्वास्थ्य चौकी र यम्घाको दर्पुक सामुदायिक स्वास्थ्य ईकाइमा ३०० जनालाई सेवा दिईएको ।
- बगनासकालीका सवै बिध्यालयहरुमा मंसिर र ज्येष्ठ महिनामा जुकाको औषधि खुवाउने काम सम्पन्न गरिएको ।
- बिध्यालयका १० बर्ष देखी १९ बर्ष सम्मका छात्राहरुलाई आईरन औषधि साप्ताहिक रुपमा नियमित खुवाईएको ।
- बगनासकाली गाउँपालिकाको वडाहरुबाट स्वास्थ्य संस्थाहरुका लागि बिनियोजित बजेटको कार्यान्वयन स्वास्थ्य संस्थाहरुबाट सम्पन्न भएको र स्वास्थ्य शाखाबाट आवश्यक सहजिकरण गरिएको ।
- बगनासकाली गाउँपालिका भित्रका नागरिक,जनप्रतिनिधहरु,शिक्षक तथा कर्मचारीहरुलाई निःशुल्क रगत उपलब्ध गराउने उदेस्यले रुपेन्देहीको रेडक्रस शाखा अन्तर्गत रक्त संचार केन्द्र बीच सम्झौता भई सेवा शुरु भएको ।
- बगनासकाली गाउँपालिकाबाट एम्बुलेन्स खरिद कार्य अगाडी बढेको ।
- बगनासकाली गाउँपालिका मलेरिया तथा कालाज्वर रोग देखिएकाले सम्वन्धित बिरामीहरुको घर तथा समुदायमा सबिलेन्स कार्य स्वास्थ्य कार्यालय पाल्पाको सहयोगमा सम्पन्न गरिएको र कालाज्वर भएको बिरामीहरुको घर तथा समुदायमा बिषादी छर्ने काम भ्क्ष्म स्वास्थ्य कार्यालय पाल्पाको सहयोगमा सम्पन्न गरिएको ।
- बगनासकाली गाउँपालिकामा पोषण कर्नर स्थापना गरिएको ।
- बगनासकाली गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता बितरणमा स्वास्थ्य संस्थाहरुबाट १००० जनालाई सेवा दिईएको ।
- स्वास्थ्य कार्यालय पाल्पाको सहयोगमा सर्ने तथा नसर्ने रोगहरुको पालिका स्तरिय अभिमुखिकरण गरिएको ।
- स्वास्थ्य कार्यालय पाल्पाको सहयोगमा ५ वटा स्वास्थ्य संस्थाहरुमा तथ्याङ्क गुणस्तर सुधार तथा अनसाईड कोचिङ्ग कार्यक्रम सम्पन्न गरिएको ।
- बर्थीङ्ग सेन्टरहरुलाई अनसाईड कोचिङ्ग कार्यक्रम सम्पन्न गरिएको ।
- स्वास्थ्य सेवा बिभाग काठमाण्डौमा माग गरी थर्मोकोगुलेटर उपलब्ध भएको ।
- लुम्बिनी प्रशेद स्वास्थ्य मन्त्रालयमा माग गरी एक थान माईक्रोस्कोप उपलब्ध भएको ।
- बगनासकाली गाउँपालिकाको वडा नं ३ र ९ मा ई एच एम एस आई बाट सेवा शुभारम्भ गरिएको
- लुम्बिनी प्रदेशबाट एक थान ल्यापटप प्राप्त भएकाले स्वास्थ्य संस्थालाई हस्तान्तरण गरिएको ।
- चापपानी स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा शुरु गरिएको र प्रमाणिकरण गर्न बाकी रहेको ।

  बराङ्गदी स्वास्थ्य चौकी र दर्पुक सामुदायिक स्वास्थ्य ईकाइको भवन निर्माण कार्य शुरु भएको ।
- बगनासकाली गाउँपालिका तथा बिभिन्न वडाहरुमा असल खानपान तथा योग शिविर सञ्चालन गरिएको

- तीज विशेष कार्यक्रम सम्पन्न गरिएको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको ।
- अर्न्तराष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न गरिएको ।
- मागमा आधारित सीप क्षमता तथा आर्थिक विकास कार्यक्रम सम्पन्न गरिएको ।
- अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई जिविकोपार्जन अनुदान कार्यक्रम सम्पन्न गरिएको ।
- बगनासकाली गाउँपालिका अर्न्तगत सबै वडाका लाभग्रहिहरु जम्मा ११७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई रु ६,१५,२००। रकम तत् तत् को बैक खातामा अर्धवार्षिक रुपमा निकासा भएको ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखासंग सम्बन्धित अन्य प्रशासनिक कार्य तथा समय-समयमा तोकिएको कार्य गरिएको ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा अर्न्तगतका अनुदान कार्यक्रमहरुको अनुगमन गरिएको ।
- वडा स्तरीय बाल कल्बहरु बाल भेला गरी पुर्नगठन सम्पन्न ।
- पालिका स्तरीय बाल सञ्जालको बाल सञ्जालको नियमित बैठक भएको ।
- वडा स्तरीय बाल कल्बहरु, पालिका स्तरीय बाल सञ्जाल, विद्यालय स्तरीय  बाल कल्वलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न ।
- विद्यालय, वडा तथा पालिका स्तरीय बाल संञ्जालका प्रतिनिधीहरुलाई अध्ययन अवलोकन तथा बालमैत्री अनुभव आदानप्रदान गरिएको ।
- बालमैत्री कार्यक्रम अर्न्तगत गाउँपालिकाका सम्पुर्ण विद्यालयलाई खेलकुद सामाग्री हस्तान्तरण गरिएको ।
- गाउँपालिका भित्रका अभिभावक बिहिन बालबालिकालाई मासिक १००० का दरले प्रोत्साहन रकम प्रदान गरिएको ।
- अभिभावक बिहिन बालबालिका र तिनका संरक्षक सँग अर्न्तरक्रिया तथा शैक्षिक सामाग्री हस्तान्तरण गरिएको ।
- स्वास्थ्य चौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य प्रवाहका लागि अभिमुखीकरण कार्यकम वडा नं. ९ चापपानीमा स्वास्थ्य शाखासँग सहकार्य गरी सम्पन्न ।
- पुनः श्रम स्वीकृती ६२ जना लाई प्रदान गर्न सहजीकरण गरिएको वडाहरुबाट आएका योजनाहरु संकलन गरिएको ।
- बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताका लागि मृतकका परिवार ३ जना र स्वास्थ उपचार खर्च २ जना लाई प्रदान गर्न सहजीकरण गरिएको ।
- नौ वटै वडाको १४ वटा योजनाहरु सम्झौता तथा फरफारक गरिएको ।
- श्रमको सम्मान राष्ट्रको अभियान तथा श्रमिक सम्मान कार्यकम श्रमिकहरुलाई नगद सहित गाउँपालिकामा सम्मान गरिएको ।
- बेरोजगार व्यक्तिको आगामी वर्षको लागि रोजगार ब्यवस्थापन सूचना प्रणालीमा ९ वटै वडाको गरेर २९१ जना ईन्ट्रि गरिएको ।
- रोजगार संम्वाद मञ्चको बैठक सम्पन्न ।
- जम्मा ६५ जना लाई मर्मत संम्भारका क्षेत्रहरुमा रोजगारी सिर्जना गरिएको ।
- बिभिन्न खानेपानी आयोजना सञ्चालन तथा सम्पन्न भै फरफारक भएका छन् ।
- खानेपानी मुहान दर्ता प्रमाण पत्र लिइ सकेका जम्मा ६० रहेका छन् ।
- खानेपानी मुहान दर्ता नविकरण गरि प्रमाण पत्र लिइसकेका समिति जम्मा ५ वटा रहेका छन्
- ३ वटा खानेपानी सरसफाई समिति जलस्रोत समितिको ३५ दिने सूचना भित्र रहेका छन् ।

- जम्मा १४७०० मिटर पोलिथिन पाइप उपभोक्तालाई बाडिएको छ ।
- सामाजिक समिति अन्तर्गतका सबै विषयगत शाखाहरुले आ.व. २०८१/०८२ मा तोकिएका कार्यहरु लगभग समयमै सम्पन्न भएका छन् ।

❖ **आगामी कार्य दिशा**

- सामाजिक समिति अन्तर्गतका सबै विषयगत शाखाहरुले आ.व. २०८२/०८३ मा तोकिएका कार्यहरु समयमै सम्पन्न गर्न प्रतिवद्ध रहेको ।
- बगनासकाली गाउँपालिकाको शिक्षा योजना निर्माण भईसकेकोले योजना अनुसार बजेट बिनियोजन गरि कार्यक्रमहरु अगाडी बढाउनु पर्ने देखिन्छ ।
- शिक्षा ऐन राजपत्रमा प्रकाशन भइसकेकोले तुरुन्तै छपाई गरि कार्यान्वयन गर्नुपर्ने ।
- विद्यालय शैक्षिक सुधारका लागि अनुदानका कार्यक्रम संचालन गरी अभिभावक शिक्षालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।
- कक्षा ८ सँगै कक्षा ५ को परिक्षा, पालिका स्तरिय बनाउनु पर्ने ।
- विद्यालय भर्ना अभियान नर्सरी,एल.के.जी देखि नै पढाइ होस अभिभावकको चाहना रहेकोले सोहि अनुसार पठनपाठनमा करार शिक्षकको व्यवस्था ।
- गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा ई-हाजीरको व्यवस्था ।
- स्काउटका कार्यक्रमहरुलाई निरन्तरता दिदै विद्यार्थी स्काउट पोसाकका लागि बजेटको व्यवस्था गर्नुपर्ने ।
- बालवालिकाहरुको माग बमोजिम बाल रेडियो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय र बालवालिकाहरु बिच अतिरिक्त कृयाकलापको लागि बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने साथै नेतृत्व विकास र प्रोत्साहनका कार्यक्रमहरु ल्याउनुपर्ने ।
- गाउँपालिका क्षेत्र भित्र सबैको पहुँच पुग्ने स्थान पहिचान गरि विभिन्न ठाउँमा एकिकृत स्वास्थ्य शिविरमा क्यान्सर स्किनीङ्गको जोड दिनुपर्ने ।
- बगनासकाली रनिङ् शिल्ड कप सञ्चालनको लागि बजेट व्यवस्थापन गर्नुपर्ने ।
- समाजिक सुरक्षा र घटना दर्ता प्रणाली व्यवस्थापन क्षमता बिकासको लागि बजेट व्यवस्था गर्नुपर्ने ।
- सामाजिक सुरक्षा घटना दर्ता प्रणाली व्यवस्थापन र सुदृढिकरणको लागि बजेट सम्बोधन आवश्यक देखिन्छ
- वडा तहमा घुम्तिशिविर ग र घ स्तरीकरण शुद्धिकरण र महत्वपुर्ण कामको नियमित प्रकाशन सम्पादनको पालिकास्तरीय बुलेटिन, ब्रोसर लगायतका लागि बजेट बिनियोजन गर्नुपर्ने ।
- नसर्ने रोग नियन्त्रण तथा एकिकृत बिशेषज्ञ स्वास्थ्य शिविर सवै वडामा सञ्चालन गर्नुपर्ने ।
- महामारीको रुपमा फैलिएको क्यान्सर,मुटुरोग र मृगौला जस्ता खर्चालु रोग नियन्त्रणका लागि विज्ञको व्यवस्थापन गरि अनुसन्धानका लागि बजेट बिनियोजन गर्नुपर्ने ।
- एक विद्यालय एक नर्सको अवधारणा लिएको पालिकाले सबै विद्यालयमा नर्सको व्यवस्थापन गर्नु पर्ने ।
- महिला तथा बालवालिका कार्यक्रम अन्तर्गत सिप विकास तथा क्षमता बिकास तालिमको व्यवस्था हुनु पर्ने साथै पालिकाभित्रका अति विपन्न श्रमिक महिलाहरुलाई आय-आर्जन हुने खालका कार्यक्रमहरु संचालन गरी अनुदानका लागी बजेटको व्यवस्थापन गर्नुपर्ने ।
- श्रमिक महिलाहरुलाई आत्मनिर्भर हुने खालका कार्यक्रममा सहभागि गराउदै श्रमिक भेलाक लागि आवश्यक बजेट बिनियोजन गनुपर्ने ।
- महिलाहरुको नेतृत्व विकाश क्षमता अभिबृत्तिका कार्यक्रमहरु अगाडी बढाउदै उद्यमी महिला सम्मेलनका लागि बजेट बिनियोजन गरिनुपर्ने ।
- बालमैत्री स्थानीय शासन सुनिश्चीततका लागि थप भएका सूचकलाई स्थानीयकरण गर्ने।
- बालमैत्री रणनैतिक योजना निर्माण गरी कार्यक्रम अगाडी बढाउने ।

- बालश्रम मुक्त गाउँपालिका घोषणका लागि आवश्यक अभियान चलाउने ।
- भाषा कला साहित्य धर्मसंस्कृतिलाई जोगाउर्दै पालिकास्तरीय बगनासकाली प्रतिष्ठान स्थापनाका लागि बजेटको व्यवस्था गर्नुपर्ने साथै साहित्यको भण्डार भनेर चिनिने पोखराथोक साहित्य संगमको रजत जयन्तीको लागि बजेट बिनियोजन गर्नुपर्ने ।
- बगनासकाली गाउँपालिकाको गौरवको योजना कालीगण्डकी बृहत पम्पिङ्ग खानेपानी योजनालाई संघिय सरकारबाट बजेट बिनियोजन भएकोले योजना सम्पन्न गर्न पालिकाबाट आवश्यक सहजीकरणको ब्यवस्था मिलाउनु पर्ने देखिन्छ साथै पुराना लिफ्टिङ्ग खानेपानी,खानेपानीका मुहान जिर्ण भएका पाइपहरुलाई अनुगमन गरि अनुदानका कार्यक्रमहरु अगाडी बढाउनु पर्ने ।
- राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रमलाई सिपयुक्त र ब्यवसायमुलक बनाउन आवश्यक देखिएकोले गाउँपालिकाबाट बजेटको ब्यवस्थापन गरिने ।
- युवा लक्षित कार्यक्रम अर्न्तगत बिभिन्न खेलकुद,सिपमुलक आयमुलकका कार्यक्रमहरु सञ्चालन गर्दे युवाहरुलाई ब्यवसायमा आबद्ध गराउने ।
- अपाङ्गता परिचयपत्र प्राप्त लाभग्राहिहरुको पुनःस्वास्थ परिक्षण गरि परिचयपत्रलाई अद्यावधिक गरिनुपर्ने ।

श्री गीता रेग्मी
संयोजक
सामाजिक विकास समिति

# न्यायिक समिति
## बगनासकाली गाउँपालिका
## चिर्तुङ्गधारा, पाल्पा

**सभा अध्यक्षज्यू,**

अध्यक्षज्यूको अनुमतीमा बगनासकाली गाउँपालिकाको न्यायिक समितिको आ.व.२०८१।०८२ को हालसम्मको वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

१. नेपालको सविधान, २०७२ को धारा २१७ बमोजिम गठन भएको न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ मा विवाद निरुपण गर्ने अधिकार रहेको छ। स्थानीय तहमा रहेको विवादलाई मेलमिलापको माध्यमबाट समाधान गरि न्याय सम्पादन कार्यलाई सरल, छिटो, छरितो बनाई न्यायमा सवैको समान पहुँच सुनिश्चिता कायम गर्न बगनासकाली गाउँपालिकाको न्यायिक समिति क्रियाशिल रहेको छ ।

**सभा अध्यक्षज्यू,**

२. चालु आ.व.२०८१।०८२ को हालसम्म न्यायिक समितिमा तपसिलमा उल्लेखित ७ प्रकृतिका ९ वटा उजुरीहरु दर्ता भई सो उपर सम्बद्ध पक्षहरुसँग छलफल गर्दा गराउँदाको अवस्था देहाय अनुसार रहेको छ ।

| क्र.स. | मुद्धाको प्रकृति | चालु आ.व.२०८१। ०८२ को हालसम्म । |
|---|---|---|
| १. | आलीधुर,बाध पैनी ,कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग दफा४७ उपदफा १(क) सम्बन्धी | २ |
| २. | गाली बेइज्जती दफा४७ उपदफा २ (ड) | १ |
| ३. | अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको दफा४७ उपदफा २(झ) सम्बन्धी | २ |
| ४. | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको दफा ४७ को उपदफा २(क) सम्बन्धी | १ |

| | | |
|---|---|---|
| ५ | कुटपिट सम्बन्धी २ (घ) सम्बन्धी | १ |
| ६ | पशुपन्छी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरवाही गरि हरुलाई हानी नोक्सानी गरेको २ (छ) सम्बन्धी | १ |
| ७ | घरेलु हिंसा  तथा जेष्ठ नागरिकको पालनपोषण तथा हेरचार नगरेको दफा ४७ को उपदफा १(च) सम्बन्धी | १ |
| जम्मा | | ९ |

हाल सम्म दर्ता भएका विवादहरुमध्ये ४ वटा मिलापत्र भएका र बाँकी उजुरीहरु मेलमिलापको प्रक्रियामा रहेको छ  व्यहोरा म यो सम्मानित सभामा जानकारी गराउदछु ।

**सभा अध्यक्षज्यू,**

**न्यायिक समितिमार्फत चालु आ.व.२०८१।०८२ मा सम्पादन भएका मुख्य कार्य यस प्रकार रहेको छ ।**

१.बगनासकाली गाउँपालिकाको न्यायिक समितिमा तालिम प्राप्त मेलमिलापकर्ताहरुको रुपमा ४६ जना मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गरिएको ।

२.न्यायिक समितिमा परेको उजुरीहरुको वडास्तरवाटै मिलापत्र गराउन सम्बन्धित वडास्तरीय मेलमिलापकर्तालाई  सक्रिय बनाई विवादलाई मिलापत्र गराइएको ।

३. विभिन्न स्थानीय तहका न्यायिक समितिसँग सिकाइ अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको ।

४.स्थानीय तहको स्वमूल्याङन (लिजा) को लागि आवश्यक कागजपत्र पेश गरिएको ।

५. जनप्रतिनिधी तथा मेलमिलापकर्ताको क्षमता विकासको लागि कानूनी साक्षरता कार्यक्रम सम्पन्न गरिएको ।

६. न्यायिक समितिको तर्फबाट कार्यसम्पादन भएको कार्य तथा मिसिलको पाल्पा जिल्ला अदालतका माननीय न्यायाधीश श्री दल बहादुर केसी ज्यूबाट अनुगमन एवं निरिक्षण भई पृष्ठपोषण प्राप्त भएको ।

७. फछ्यौट हुन बाँकी रहेका विवादहरु तारेख तथा मिलापत्रको प्रक्रियामा रहेको ।

**सभा अध्यक्षज्यू,**

न्याय सम्पादनलाई अझै प्रभावकारी बनाउन यस प्रतिवेदन मार्फत सभाको ध्यानाकर्षण गर्न चाहन्छु ।

१. मेलमिलाप केन्द्र व्यवस्थापन तथा मेलमिलापकर्ताको सक्रियता बढाउनुपर्ने ।

२.न्यायिक प्रक्रियालाई छिटो छरितो, सर्वसुलभ र निष्पक्ष बनाउनुपर्ने ।

३.न्यायिक समितिको कार्य सम्पादनका तथा न्यायिक निरुपण कार्यका लागि इजलास कक्षको व्यवस्थापन गर्नुपर्ने ।

धन्यवाद ।

प्रस्तुतकर्ता
श्री हरि प्रसाद पाठक
संयोजक न्यायिक समिति
मिति :२०८२।०३।१०

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

# राजस्व परामर्श समितिको प्रतिवेदन ।

सभा अध्यक्षज्यू,

अध्यक्ष ज्यूको अनुमतिमा बगनासकाली गाउँपालिकाको राजस्व परामर्श समिति तर्फ आ.व.०८१/०८२ श्रावण देखि हालसम्मको प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिलाई उपदफा (२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकिए बमोजिम स्थानीय राजस्व परामर्श समितिले राजस्वका नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र ऐन कानूनको पालना गर्न/गराउन परामर्श प्रदान गर्नुका साथै राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र राजस्व प्रशासन सुधारका लागि राय सुझाव प्रदान गर्दै आएको व्यहोरा अनुरोध छ । स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को दफा ८ उपदफा (३) बैठकको कार्यसूचि बमोजिमका विषयमा समीक्षा, आगामी आर्थिक वर्षको आय प्रक्षेपण गरी पेश गरिएको छ । साथै चालु आ.व. ०८१/०८२ को यस अवधिमा राजस्व परामर्श समितिबाट सम्पादन गरिएका कार्य प्रगति तपसिल बमोजिम रहेको छ :-

तपसिल :

१. **समितिको कार्य क्षेत्र :-**

- राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा,
- राजस्वका श्रोत, दायरा र दर निर्धारण, तथा आगामी आ.व. मा प्राप्त हुनसक्ने राजस्वको अनुमान,
- कर, राजस्व, गैरकर राजस्व, सेवा शुल्क आदिको दर सम्वन्धमा परामर्श दिने,
- राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने,

२. **समितिको बैठकको कार्यसूचि :-**

- राजस्व प्रशासन सुधारका योजना तथा वार्षिक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन अवस्थाको समीक्षा,
- अघिल्लो आर्थिक वर्ष र चालु आ.व. मा लक्ष्य अनुसार राजस्व असुली भए/नभएको समीक्षा,
- राजस्व परामर्श समितिको प्रतिवेदन पेश,
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श,

३. **गत आर्थिक वर्षको समीक्षा संक्षिप्तमा :-**

- अघिल्लो आर्थिक वर्षमा लक्ष्य तोकिए बमोजिम राजस्व संकलन भएको ।
- गत आ.व.मा आन्तरिक आम्दानी १,२५,७५,५२९।०७ (विभाज्य सहित) संकलन गरिएको छ ।
- वडा नं. ६ र ७ स्थित ६ वटा स्थानको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन/निकासी ठेक्का लगाउन वोलपत्र आव्हान गरिएको ।
- विगतका वक्यौता रकम असुलीको लागि ताकेता भइरहेको छ ।
- विज्ञापन कर लगाउन सूचना प्रकाशन गरि विज्ञापन एजेन्सीहरुलाई आव्हान गरिएको ।
- वडा नं. ६ का मन्द्रान बगर क्षेत्र र टिपुवा बगर क्षेत्रको ठेक्का संझौता भएको ।
- गत आ.व.मा संचालन भएका आन्तरिक आयका केही ठेक्कामा विविध समस्या श्रृजना भई कठिनाई झेल्नु परेको
- पालिका क्षेत्रभित्र रहेका करदाताहरुको एकिन तथ्याङ्क अद्यावधिक नहुँदा वार्षिक आय प्रक्षेपणमा समस्या आएको ।
- पर्याप्त बजेट, नियमित अनुगमन हुन नसक्दा राजस्व प्रशासन सुधार तर्फ थप व्यवस्थित गर्न नसकिएको ।

❖ ९ वटै वडाका वडा सचिव, सहायक कम्प्युटर अपरेटर र गा.पा. राजस्व शाखाका कर्मचारीलाई व्यवसाय दर्ता/नविकरण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको ।
❖ दैनिक सेवा प्रवाह गर्ने लगायत अन्य कार्य सन्तोषजनक नै रहेको ।
❖ वडा नं. ६ र ७ स्थित मिलमिले र मजुवा बगर क्षेत्रको ठेक्का नलागेको हुँदा कामदार करारमा लिई राजस्व संकलन गरिएको ।
❖ तिनाउ नदी र तानसेन चुहार खोलाको नदीजन्य पदार्थ उत्खनन/निकासी ठेक्का लगाउन वोलपत्र आव्हान गरिएकोमा त्यस क्षेत्रको ठेक्का नलागेको हुँदा कामदार करारमा लिई राजस्व संकलन गरिएको ।

४. **यस अवधिको कार्य प्रगति विवरण :-**

❖ २०८१ श्रावण महिनामा र २०८१।१२।१६ गते ९ वटै वडाका वडा सचिव, सहायक कम्प्युटर अपरेटर र राजस्व शाखाका कर्मचारीलाई संचित कोष प्रणाली राजस्व मोडयूल (सुत्र) प्रयोग सम्बन्धी अभिमुखीकरण तालिम संचालन गरियो
❖ सम्पत्ति कर लागू गर्न श्रावण महिनाको पहिलो हप्ता भित्रै जग्गाधनीहरुलाई सम्पत्ति विवरण पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको ।
❖ बगनासकाली गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार कर सहभागिता, सचेतना अभिवृद्धि तथा कर संकलन उत्प्रेरणा सम्बन्धी तालिम र कर शिक्षा कार्यक्रम विभिन्न वडाहरुमा संचालन गरिएको ।
❖ व्यवसाय दर्ता/नविकरण गर्ने र घर/जग्गा वहाल कर तिर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको
❖ राजस्व प्रशासन सुधारका योजना तथा वार्षिक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन अवस्थाको समीक्षा,
❖ चालु आ.व. मा लक्ष्य अनुसार राजस्व असुली भए/नभएको समीक्षा,
❖ राजश्व संकलनलाई व्यवस्थित तथा पारदर्शी गराउने सम्बन्धमा,
❖ आगामी आ.व. ०८२/०८३ को लागि करका दरहरु सिफारिस तथा आय प्रक्षेपण,
❖ राजस्व परामर्श समितिको प्रतिवेदन पेश,
❖ राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श आदि ।
❖ बगनासकाली गाउँपालिकाको कार्यालयमा चमेना गृह (क्यान्टिन) संचालनका सम्झौता भई सञ्चालनमा रहेको ।
❖ वडा नं. २, ६ र ७ स्थित गरी  ८ वटा स्थानको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन/निकासी ठेक्का लगाउन वोलपत्र आव्हान गरिएकोमा २ वटा स्थान मन्द्रानघाट र टिपुवाघाट मात्र ठेक्का परेको अन्य ६ वटा स्थानको मिति २०८१।०९।१६ गते दोश्रो पटक सूचना प्रकाशन गरिएकोमा कुनै पनि ठेक्का नपरेको र वडा नं.१ तानसेन चुहारे खोला, वडा नं.२ तिनाउ खोला  र वडा नं. ७ मिलमिले र मजुवा बगर क्षेत्रमा अमानतमा लगाई राजश्व संकलन गरीएको।
❖ आगामी वर्ष बगनासकाली गाउँपालिका वडा नं. ६ र ७ अन्तर्गत पर्ने कालीगण्डकी नदी बगर क्षेत्रको नदीजन्य पदार्थ उत्खनन/निकासी गर्ने प्रयोजनका लागि वातावरणीय प्रभाव मूल्यांकन ( IEE) सम्पन्न भएको ।
❖ लालपाटी मैदाने बधवारीका बगर क्षेत्र र बैर बेलटारीका बगर क्षेत्र खोलाको नदीजन्य पदार्थ उत्खनन/निकासी ठेक्का लगाउन मिति २०८१।०६।१० वोलपत्र आव्हान गरिएकोमा कुनैपनि वोलपत्र नपरेकाले पुन मिति २०८१।०९।१८ दोश्रो प्रकाशन गरिएकोमा पुन कुनैपनि वोलपत्र नपरेको
❖ कवाडी कर ठेक्का लगाउन दरभाउ पत्र आव्हानका लागि मिति २०८१।६।१० सुचना प्रकाशन गरिएको र कुनै पनि नपरेको  ।
❖ विज्ञापन कर लगाउन सूचना प्रकाशन गरि विज्ञापन एजेन्सीहरुलाई आव्हान गरिएको ।
❖ ७ वटा “घ” वर्ग निर्माण व्यवसायीहरुको इजाजत पत्र नविकरण गरिएको ।
❖ १८ वटा व्यवसाय दर्ता गरिएको ।
❖ निजी जग्गाबाट निकासी/विक्री हुने ढुङ्गा, माटो निकासीलाई करको दायरामा ल्याएको ।
❖ चालु आ.व. को हालसम्म रु. ९२ लाख ८४ हजार १ सय ४० रुपैंया आन्तरिक आय संकलन भएको
❖ राजस्व परामर्श समितिको ९ वटा बैठक बसेको ।

५. **आगामी योजना कार्यक्रम :-**

- ❖ वार्षिक आय प्रक्षेपण गर्न सहजताको लागि पालिका क्षेत्रभित्र रहेका सबै प्रकारका करदाताहरुको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने/गराउने ।
- ❖ सबै भन्दा वढी राजस्व संकलन गर्ने वडाका पदाधिकारी/कर्मचारीलाई प्रोत्साहन स्वरुप आमागी दिनमा सम्मान गर्नुपर्ने ।
- ❖ आन्तरिक आय वृद्धि गर्नका लागि राजस्वका दायरा बढाउन थप श्रोतहरुको अध्ययन, सर्भेक्षण गर्ने
- ❖ राजस्व प्रशासन सुधार तथा व्यवस्थित गर्नका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका निर्माणमा पहल गर्ने ।
- ❖ करदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिनुपर्ने ।
- ❖ वडा र राजस्व शाखामा कार्यरत कर्मचारीलाई नयाँ प्रविधि सम्वन्धि दक्ष बनाउन थप तालिमको ब्यवस्था गर्ने ।
- ❖ गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी/सार्वजनिक जग्गा संरक्षण तथा ब्यवस्थापनमा पहल गर्ने ।
- ❖ व्यवसाय कर तथा नविकरण शुल्क तिरे/नतिरेको विषयमा अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउने ।

प्रतिवेदन प्रस्तुतकर्ता
हरि प्रसाद पाठक
उपाध्यक्ष
राजस्व परामर्श समिति संयोजक

मिति : २०८२।०३।१० गते ।

## विधयेक समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरु,

यस बगनासकाली गाउँसभाको गरिमामय बैठकमा विधयेक समितिको तर्फबाट संयोजकको हैसियतले चालु आ.व. २०८१/०८२ को अठारौ अधिवेशन मिति २०८२/०३/१० गतेको बैठकमा वार्षिक कार्य प्रगति पेश गर्न चाहन्छु ।

**समिक्षा**

चालु आ.व.को सत्रौ अधिवेशन पछि ६ वटा बैठकहरु बसेको छ। समितिको बैठकमा छलफल गरि अठारौ अधिवेशन सम्म १७ वटा कार्यविधिहरु निर्माण, २१ वटा ऐनहरु, ५ वटा निर्देशिका तथा ५ वटा नियमावलीहरु स्विकृत भइसकेका छन्।

**चालु आ.व मा गरिएका गतिविधिहरु**

सत्रौं अधिवेशन पछि देहायको विधयेक यस समितिमा छलफल भई कार्यपालिकामा पेश भएको जानकारी गराउन चाहन्छु।

१. बगनासकाली गाउँपालिकाको उत्पादनमा आधारित दुध ढुवानी अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७८ को तेश्रो संसोधन
२. बगनासकाली गाउँपालिकाको खानेपानी मुल दर्ता कार्यविधि, २०८० को दोश्रो संसोधन
३. बगनासकाली गाउँपालिकाको क्षेत्रगत अनुदान व्यवस्थापन कार्यविधि, २०८२

आगामी कार्यदिशा

सभाध्यक्ष महोदय, यस बगनासकाली गाउँपालिकाको समृद्धि र विकासका लागि आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधिहरु बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल गरी आवश्यक कानून बनाउने छौं। बगनासकाली गाउँपालिकाको कानून निर्माण तथा परिमार्जनमा समिति सदैव सक्रिय रहने छ। गाउँपालिकाबाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री बनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यवहोरा अनुरोध गर्दछु।

अन्तमा, यस गरिमामय सभाले विधयेक समितिका लागि थप मार्गदर्शन गर्नेछ । धन्यवाद। ।

उमकला अर्याल
संयोजक

# बगनासकाली गाउँपालिका

## चिर्तुङ्गधारा, पाल्पा

## वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरु,
अध्यक्षज्यूको अनुमतिमा यस बगनासकाली गाउँपालिकाको गरिमामय गाउँसभामा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको तर्फबाट संयोजकको हैसियतले चा.लु. आ.व.०८१/०८२ को यस अठारौं सभाको मिति २०८२।०३।१० गतेको बैठकमा वार्षिक कार्य प्रगति यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु ।

**समिक्षा**

चालु आ.व.को सोह्रौं गाउँसभा पछि समितिको नियमित १० वटा बैठकहरु सम्पन्न भएको छ ।

**चालु आ.व.मा गरिएका गतिविधिहरु**

सोह्रौं गाउँसभा पछि देहाय अनुसारका कार्यहरु गरिएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु ।

विपद व्यवस्थापन तर्फ

- ❖ विविध किसिमको विपदबाट क्षति पुगेको ५० जना व्यक्ति र ४ वटा विद्यालयको निवेदन संकलन गरिएको ।
- ❖ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण काठमाण्डौलाई विपद सम्बन्धी राहत सामग्री उपलब्ध गराइदिनुहुन भनि अनुरोध पत्र पठाइएको ।
- ❖ संघिय आयोजना कार्यान्वयन इकाई भैरहवालाई सुरक्षित नागरिक आवास कार्यक्रमको प्रगति विवरण पठाइएको ।
- ❖ मनसुनजन्य विपदबाट सतर्कता अपनाउनका लागि सुचना निकालिएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय पाल्पाले माग गरेको मनसुनजन्य विपदबाट क्षतिग्रस्त सरकारी भवन एवम् पुरातात्विक सम्पदाको विवरण पठाइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय पाल्पालाई त्रिपाल उपलब्ध गराइदिनका लागि अनुरोध पत्र पठाइएको ।
- ❖ बगनासकाली गाउँपालिका वडा नं १ मा पर्ने तानसेने खोलाले धानबालीमा पुगेको क्षतिको अनुगमन पालिका अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, समितिका पदाधिकारी, इन्जिनियर, अमिन, कृषि प्राविधिक सहितको टोलीले सम्पन्न गरेको ।
- ❖ २०८१ असारमा परेको अविरल वर्षाका कारण अवरुद्ध भएको गुँगा-दर्पुक सडक खण्ड गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गरी खुलाइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पालाई गाउँपालिकामा रहेका विपद उद्धारका सामाग्रीहरुको विवरण उपलब्ध गराइएको ।

- ❖ स्थानीय स्काउट बगनासकाली गाउँपालिका पाल्पाले आयोजना गरेको २ दिने विपद् व्यवस्थापन सम्बन्धी आधारभूत तालिम सफल बनाउन आवश्यक सहजिकरण गरिएको ।
- ❖ विपद् प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको ।
- ❖ गाउँपालिका मातहतमा रहेका पाच वटा प्रहरी चौकीहरुलाई तत्काल उद्धारका लागि आवश्यक उद्धार सामाग्रीहरु हस्तान्तरण गरिएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय पाल्पाले माग गरे अनुसार पालिकामा रहेका विपद उद्धार सामाग्रीको विवरण उपलब्ध गराइएको ।
- ❖ तथ्याङ्क समन्वय कायर्कलय, पाल्पालाई विवरण उपलब्ध गराइएको ।
- ❖ विपद प्रभावित निजी आवास प्रवलीकरण तथा पुर्नस्थापनाका लागि रकम माग गरिएको ।
- ❖ श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्यका देउखुरीलाई विवरण उपलब्ध गराइएको ।
- ❖ विविध मितिमा बसेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम ३४ जना व्यक्ति र २ वटा विद्यालयलाई राहत वितरण गरिएको ।
- ❖ यस आ. व. मा हालसम्म विपद व्यवस्थापन कोषबाट रु. ३,३८,५८५।- बराबरको राहत रकम वितरण गरिएको ।
- ❖ यस आ.व. मा हालसम्म विभिन्न किसिमका विपदमा परेकालाई ५०० के. जि. प्लास्टिक वितरण गरिएको ।
- ❖ यस आ.व. मा हालसम्म समितिको नियमित बैठक दश वटा सम्पन्न गरिएको ।
- ❖ वातावरण तथा विपद व्यवस्थापन इकाईबाट सञ्चालन गरिने नियमित कार्यहरु सम्पादन गरिएको

**समृद्धिका लागि वन परियोजना तर्फ**

- ❖ वन तथा वातावरण सम्बन्धी विद्यालय अनुशिक्षण तथा अन्तर मा. वि. स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको ।
- ❖ सम्भावित वृक्षारोपणयोग्य निजि, सार्वजनिक, ऐलानी तथा सरकारी पहिचान तथा वृक्षारोपण योजना तयारी कार्यक्रम ९ वटै वडामा सञ्चालन गरिएको ।
- ❖ वृक्षारोपण योजनाका लागि २ पटक सम्म सूचना निकालिएको जसमा ९५ वटा निवेदन संकलन भएको ।
- ❖ सार्वजनिक जग्गाको संरक्षण तथा वृक्षारोपणका तारबारका लागि श्री सत्यवती सार्वजनिक वन उपभोक्ता समूह गठन गरिएको ।
- ❖ वन कार्यालयको समन्वयमा बिरुवा उत्पादनका लागि बैठक बसिएको ।
- ❖ वन, वातावरण तथा वन उद्यम सम्बन्धि निती तथा नियमहरुको अभिमुखिकरण तालिम सञ्चालन गरिएको ।
- ❖ वन, वातावरण सम्बन्धि प्रचारप्रसार सामग्री वितरण गरिएको ।
- ❖ वृक्षारोपण गर्न निजि किसानको सार्वजनिक जग्गा, गुठिको जग्गा, विद्यालयको जग्गा पहिचान गरी GPS Location सहित नक्साङ्कन गर्ने कार्य गरियो ।
- ❖ निजि तथा सार्वजनिक जग्गामा वृक्षारोपणको तरिका तथा प्रकृयाको बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ पालिका स्तरिय वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक २ पटक सम्पन्न गरिएको

**आगामी कार्यदिशा**

सभाध्यक्ष महोदय, यस बगनासकाली गाउँपालिकाको समृद्दिका लागि विपद व्यवस्थापन तथा राहत प्रदान गर्नका लागि यस समितिले कार्य गरेका छौं । गत आ.व मा पुरा गर्न नसकेका कार्यहरु आगामी दिनहरुमा पुरा गर्न पहल गर्ने व्यहोरा अनुरोध गर्दछु । गाउँपालिकाबाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री बनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा, यस गरिमामय सभाले वन, वातावरण तथा विपद व्यवस्थापन समितिका लागि थप मार्गदर्शन गर्नेछ । धन्यवाद !

बोमलाल सुनार

संयोजक

वन, वातावरण तथा विपद व्यवस्थापन समिति

## बगनासकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चिर्तुङ्गधारा, पाल्पा

अध्यक्ष महोदय,

अध्यक्षज्यूको अनुमतिले बगनासकाली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन पस्तुत गर्दछु ।

❖ समितिको कार्य क्षेत्र:

(क) सेवाप्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

(ग) सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,

(घ) बैठक व्यवस्थापन सम्बन्धी,

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्यसुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी,

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,

(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी,

(ञ) न्याय, कानून तथा मानवअधिकार प्रवर्द्धन सम्बन्धी,

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,

(ड) सुशासन प्रवर्द्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,

(ढ)नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी ।

सभा अध्यक्ष तथा सभाका सदस्यहरु,

### आ.व. २०८०/०८१ को कार्य प्रगति :

- ❖ सबै चाडपर्वहरु परम्परा तथा रितिरिवाज अनुसार सफलता पूर्वक सम्पन्न गरिएको ।
- ❖ गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी तथा प्रशासन सम्बन्धी कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको
- ❖ आर्थिक वर्ष २०७९/०८० मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण सम्पन्न गराइएको ।

- महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७८/०७९ को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको
- बार्षिक खरिद योजना निर्माण गरिएको
- कर्मचारीहरूको लागि कार्यसम्पादन करार संझौता, इ-हाजिरी सञ्चालन, मूल्याङ्कन गर्ने व्यवस्था।
- आ. व. २०८०/०८१ को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
- गाउपालिकास्तरीय स्थानीय दररेट र वार्षिक खरिद योजना निर्माण तथा सार्वजनिक ।
- आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षा सम्पन्न । साथै सार्वजनिक सुनुवाई १ पटक सम्पन्न ।
- बगनासकाली गाउँपालिका अर्न्तगत रहेका वजारहरुको पहिलो चरणको वजार अनुगमन कार्य सम्पन्न गरिएको ।
- गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पुर्वक सम्पन्न गरियो ।
- गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।
- ५ वटा ऐन, ९ वटा कार्यविधि पारित गरी कार्यान्वयनमा लागिएको छ ।
- आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- आ.व. शुरु भएको ७ दिन भित्र पेश हुन आएका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट सम्पन्न गरिएको ।
- आ.व. शुरु भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले पालिका अध्यक्षसँग, शाखा प्रमुख कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरि कामकाज गरिएको ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको करार सम्झौता गरिएको ।
- आ.व.०८०/८१ को गाउँकार्यपालिकाको २६ वटा बैठक, मासिक कर्मचारी बैठक, र आ.व. ०८०/८१ का स्वत प्रकाशन प्रकाशित गरिएको ।
- आ.व. २०८०/०८१ का लागि तेस्रो सामाजिक सुरक्षा रकम निकासा गरिएको ।
- आ.व. २०८०/०८१ का लागि चौधौ तथा पन्धौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष ब्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको ।
- खप्ने जिन्सी सामान -१८ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - ४७५ प्रकारका रहेका
- दाखिला गरिएका सामान - ४९३ प्रकारका रहेका
- खर्च भएर जाने सामानको खरिद मूल्य ६६ लाख ८ हजार १ सय १६ र खर्च भएर नजाने सामानको मूल्य ३१ लाख ७ सय ५८
- चालू आ. व. २०८०/०८१ को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।

- कृषि स्नातक (प्राविधिक) एक जना करार सेवा मार्फत पदपूर्ति ।
- साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण ।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भै आएका विभिन्न सेवाका ८ जना स्थायी कर्मचारीहरुलाई नियुक्ति प्रदान तथा पदस्थापना
- कर्मचारी तथा जनप्रतिनिधिहरुको दुई दिने क्षमता विकास कार्यक्रम सम्पन्न
- साइबर क्राइम तथा लागूऔषध दुर्व्यसनी सम्बन्धि कार्यक्रम सम्पन
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
  - जम्मा ८ वटा उजुरी परि कागजात माग गरेकोमा कागजात पठाइएको छ ।
  - राष्ट्रिय सतर्कता केन्द्रमा - उजुरी नरहेको
  - हेलो सरकारमा - उजुरी नरहेको
  - उच्च अदालत तुलसीपुर मुकाम बुटवल- गाउँपालिकाको कार्यालय तथा राजस्व परामर्श समिति विरुद्ध एउटा मुद्दा

सभा अध्यक्ष तथा सभाका सदस्यहरु,

## ❖ चालू आ.व. २०८१/०८२ को कार्य विवरण/मुख्य प्रगति

- आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा सम्पन्न । साथै सार्वजनिक सुनुवाई २ पटक सम्पन्न ।
- बगनासकाली गाउँपालिका अर्न्तगत रहेका वजारहरुको अनुगमन कार्य सम्पन्न गरिएको
- गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पुर्वक सम्पन्न गरियो ।
- गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।
- चालू आ.व. मा १ वटा कार्यविधि पारित गरी कार्यान्वयनमा लागिएको छ ।
- ` आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- आ.व. शुरु भएको ७ दिन भित्र पेश हुन आएका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट सम्पन्न गरिएको ।
- आ.व. शुरु भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले पालिका अध्यक्षसँग, शाखा प्रमुख कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरि कामकाज गरिएको ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको करार सम्झौता गरिएको ।
- आ.व. ०८१/८२ को गाउँकार्यपालिकाको २४ वटा बैठक, मासिक कर्मचारी बैठक गरिएको ।
- आर्थिक वर्ष २०८०/०८१ मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको
- आ.व. २०८१/०८२ का लागि सामाजिक सुरक्षा रकम निकासा गरिएको ।

- आ.व. २०८१/०८२ का लागि सोह्रौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट बार्षिक कार्यक्रम सम्पन्न गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको ।
- खप्ने जिन्सी सामान - २२ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - ५८० प्रकारका रहेका
- दाखिला गरिएका सामान - ६०२ प्रकारका रहेका
- खर्च भएर जाने सामानको खरिद मूल्य २ करोड २० लाख ४७ हजार र खर्च भएर नजाने सामानको मूल्य ९८ लाख ४० हजार २ सय
- चालू आ. व. २०८१/०८२ को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
- वित्तीय जोखिम न्यूनीकरण तथा लिजाको कार्य प्रारम्भ गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग - उजुरी नरहेको
- राष्ट्रिय सतर्कता केन्द्रमा - उजुरी नरहेको
- हेलो सरकारमा - उजुरी नरहेको
- सर्वोच्च अदालतमा - गाउँपालिकाको कार्यालय विरुद्ध एउटा मुद्दा
- आ.व. ०८१/८२ मा २ पटक यस समितिको बैठक सम्पन्न ।

❖ **कार्ययोजना बमोजिम सम्पन्नको क्रममा रहेका कार्यक्रम :**

- अन्तर निकाय समन्वय तथा जनशक्ति विकासको कार्य
- प्रभावकारी रुपमा अन्तर तह समन्वय गरी समस्या समाधान गर्ने र पालिकाको विकासमा लगानी भित्राउने।
- बगनासकाली गा.पा.ले अबलम्बन गरेको शून्य बेरुजुको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- स्थानिय तहको खाद्य सुरक्षा तथा उपभोक्ता हक हितको क्षेत्रमा सचेतनामूलक कार्य ।
- सार्वजनिक सम्पतिको संरक्षण र राजस्व वृद्धिका लागि अनुगमनलाई तिब्रता प्रदान गर्ने ।
- महिला कार्यालय प्रमुख तथा स्थानीय प्रतिभावान खेलाडीहरुलाई सम्मान

**समितिको संयोजक**

श्री बसन्ती थापा

## बगनासकाली गाँउपालिका
## लेखा समितिको प्रतिवेदन २०८२

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँपालिकाको सेवालाई थप जनमुखी, सेवामुखी, उत्तरदायी र पारदर्शी बनाई सुशासनको प्रत्याभुती दिलाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५, दफा २२ मा गाउँसभाले आफ्नो कार्यप्रणाली व्यवस्थित गर्न नियमावली बनाई कुनै गाउँसभा सदस्यको संयोजकत्वमा लेखासमिति गठन गर्न सक्ने प्रावधान भए बमोजिम यस गाउँपालिकाको मिति २०७९।३।१० गते बसेको १२ औं गाउँसभाले यस लेखा समिति गठन गरेपछि कार्य गर्न सुरु गरेको कुरा सभालाई विधितै छ ।

गाउँसभाको प्रत्येक बैठकमा लेखा समितिको प्रतिवेदन पेश गर्ने कामको निरन्तरता दिदै समितिले गरेका, देखेका र अनुभुती गरेका निश्कर्षहरुलाई सारमा चालु आ.ब. २०८१।०८२ को वार्षिक कार्यप्रगति प्रतिबेदन यो १८ औं गाउँसभाको गरिमामय वैठकमा लेखा समितिको तर्फवाट पेशगर्ने अनुमति चाहन्छु ।

**लेखा समितिको कार्यक्षेत्रः**

१) सार्वजनिक लेखा,

२) महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन ।

**गतवर्षको समीक्षाः**

गत आ.ब.मा समितिको बैठक ५ पटक बसेको थियो। बैठकमा बगनासकाली गाउँपालिकामा रहेका विगत देखिका लेखापरीक्षण प्रतिवेदन र बेरुजुको अवस्था तथा फछ्यौटका लागि गरेका प्रयासहरु, गाँउपालिकाका योजना व्यवस्थापन, आर्थिक सहायता तथा विभिन्न अनुदान सम्बन्धमा छलफल भएको थियो । आ.ब.०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा औल्याए अनुसार बिगत वर्ष सम्मका रु.६ करोड ८१ लाख ८५ हजार भएकोमा आ.ब. २०७९।०८० को महालेखा परीक्षकको कार्यालयको ६१ औं प्रतिवेदन अनुसार ९८ लाख ७९ हजार थप भई जम्मा बेरुजु रु. ७ करोड ८० लाख ६४ हजार कायम भएको देखिन्छ ।गत आ.व.मा औल्याइएका बेरुजु मध्ये रु.५९ लाख ७० हजार ६६१ नियमित गर्न सभामा पेश गरिएको थियो ।

**चालु आ.ब.मा गरिएका कार्यहरुः**

चालु आ.ब.मा समितिको बैठक हालसम्म ६ पटक बसेको छ । बैठकमा बगनासकाली गाउँपालिकाको बार्षिक कार्यक्रम व्यवस्थित गराउने, बेरुजुको फछ्यौट बढाउने, आन्तरिक तथा अन्तिम लेखापरीक्षणमा देखिएका व्यहोराहरु तथा गर्नुपर्ने सुधारहरु, आ.ब. २०८०।०८१ को अन्तिम लेखापरीक्षणको प्रतिवेदनको वारेमा छलफल भएको थियो । आ.ब. २०८०/०८१ को ले.प. प्रतिवेदन अनुसार गत

बर्ष २०७९।०८० सम्मको बेरुजु रु. ७ करोड ८० लाख ६४ हजारमा रु. ९५ लाख ८१ हजार १७० सम्परीक्षण भएको र आ.ब. २०८०/०८१ को बेरुजु रु. १ करोड ३८ लाख ६० हजार ५१ थप भई कुल बेरुजु रु. ८ करोड २३ लाख ४२ हजार ८८१ रहेको छ । बेरुजुको मात्रा बढ्दै जानु र अपेक्षित संपरीक्षण हुन नसक्दा वित्तीय सुशासनको मापदण्डमा गाउँपालिकामा उल्लेख्य प्रगति हुन नसकेको सम्वन्धमा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृतसंग समेत छलफल गरिएको थियो ।

सभाध्यक्ष महोदय, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ बमोजिम बजेट स्वीकृत भएको सातदिन भित्र पालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृत लाई खर्च गर्ने अख्तियारी प्रदान गर्ने ब्यबस्था छ । प्रमुख प्रशासकीय अधिकृतले १५ दिन भित्र सम्बन्धित शाखा र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजीम खर्च गर्ने अख्तियारी दिने ब्यबस्था छ । अख्तियारी प्राप्त गरेको रकम स्वीकृत बजेटको परिधि भित्र रहि प्रचलित कानुन बमोजिम खर्च गर्ने लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फर्छ्यौट गर्ने समेतको लेखा सम्बन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने ब्यबस्था छ।
सार्वजनिक खर्चको खर्च लेखाङ्कन गर्दा ऐन नियमावली तथा कार्यविधिमा व्यवस्था भए अनुसार कार्यक्रमको सिमाभित्र रहि नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाई खर्च गर्नुपदर्छ। कतिपय कार्यक्रमहरु बार्षिक बजेटमा समाबेस नभएका तथा कार्यपालिकाको निर्णयवाट बजेट व्यवस्था गरी खर्च गरेको देखिएकोले यसलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । बिपद् ब्यबस्थापन कोष, मर्मत सम्भार कोष र कन्टीन्जेन्सीको कार्यविधि अनुसार तथा उद्देश्य पुरा गर्नुपर्ने हुँदा यसमा सुधार गरि विनियोजन तथा खर्च गर्नुपर्ने देखिन्छ।
खर्च गर्ने अख्तियारीको कानुनी ब्यबस्था बमोजिम समयमै योजनाको टेन्डर आवाहान गर्ने, सम्झौता गर्ने र समयमै सम्पन्न गर्ने परिपाटीको विकास गर्नु पर्दछ। कार्यपालिकावाट आ.ब.को अन्तिम समय सम्म पनि बजेट छुट्टाउने कार्यलाइ अन्त्य गरिनु पर्दछ ।पुँजिगत खर्च गर्दा स-साना योजना तथा पुँजि सिर्जना नहुने खालका बितरणमुखी खर्च नगरी ठोस उपलब्धी हुने तथा उत्पादनसिल क्षेत्रमा खर्च गर्नुपर्ने तर्फ बिशेष ध्यान दिन जरुरी देखिन्छ।
गाउँपालिकाको विकासमा आन्तरिक आयको महत्वपूर्ण भुमिका हुन्छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारक्षेत्र भित्र रही राजश्व अभिवृद्धि गर्न आवश्यक अध्ययन गर्ने, करको दायरा वृद्धि गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । कर संकलनमा संलग्न कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**अन्त्यमा,**

महालेखा परीक्षकको प्रतिबेदन अनुसार ब्यवस्थापकीय पक्ष र वित्तीय ब्यबस्थापन, सेवाप्रवाह, खरिद ब्यबस्थापन, योजना सञ्चालन र फर्छ्यौटको अबस्था हेर्दा जवाफदेहिता बहन गर्नुपर्ने पक्षवाट थप प्रयत्न गर्नुपर्ने देखिन्छ । सार्वजनिक प्रशासन पारदर्शी र जवाफदेही हुनुपर्छ । स्थानीय सरकारलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न बजेट तर्जुमा लाई प्रभावकारी र सञ्चालनमा तदारुकता देखाउनु आवश्यक देखिन्छ । बेरुजु उपर कारबाही गरि वित्तिय अनुशासन कायम गर्नु हामी सबैको दायित्व हो तथापी बेरुजु उपर प्राथमिकता र ध्यान गएको देखिदैन ।
प्रशासनिक खर्च मितव्ययी गराउदै सेवा सुविधाको न्यायोचित वितरण मार्फत कर्मचारीहरुको मनोबल उच्च राख्दै सेवा प्रवाह गुणस्तरीय बनाउन कार्यालयले ध्यान दिनु जरुरी छ । गाँउपालिकाको

आन्तरिक नियन्त्रण प्रणाली स्थापना तथा प्रभावकारी अनुगमनको व्यवस्था मिलाई आर्थिक, बित्तिय सुशासनमा एउटा नमुना योग्य स्थानिय तह बन्न सकोस । यस कार्यमा लेखा समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यहोरा अनुरोध गर्दछु ।यस गरिमामय सभाले लेखा समितिको लागि थप मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छौं । धन्यवाद ।

मितिः २०८२ असार १० गते ।

कृष्ण प्रसाद बस्याल –संयोजक